म्यागङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउराली, नुवाकोट

बागमती प्रदेश, नेपाल

---

## चमेना गृह संचालनको लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना।

(प्रथम पटक प्रकाशित मितिः२०८३।०५।२६)

यस गाउँपालिकामा निम्नानुसारको खरिद कार्य दरभाउपत्रबाट गर्नु गराउनु पर्ने भएकोले इच्छुक व्यक्तिको हकमा (दरभाउपत्र साथमा राखी नागरिकताको छायाँप्रति मात्रै तर सम्झौता हुनसाथ गाउँपालिकामा दर्ता प्रकृया तथा भ्याट/प्यानमा अनिवार्य दर्ता हुनुपर्ने) तर फर्म/व्यवसायीको हकमा दरभाउपत्र साथमा राखी फर्म दर्ता प्रमाणपत्र, भ्याट/प्यानमा दर्ता प्रमाणपत्र, आ.व.२०८३/०८४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र निम्नानुसारको दस्तुर रकम (पछि फिर्ता नहुने) सूचना प्रकाशित भएको मितिले १५ औं दिनको १२:०० भित्र यस कार्यालयको राजश्व शाखामा तिरी दर्ता गर्नु हुन मितिः२०८३।०५।२५ गतेको निर्णयानुसार आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटी र कार्यालयको वेभसाइट www.myagangmun.gov.np मा हेर्न सकिनेछ।

### तपसिल

| क्र.सं. | विवरण | खरिद विधि | दरभाउपत्र दस्तुर रकम | दरभाउपत्र खरीद गर्ने अवधि | पेश गर्ने अवधि | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | चमेनागृह संचालन | सिलवन्दी दरभाउपत्र | रु.५००।- | मितिः२०८३।०६।०९ गते कार्यालय समय भित्र मात्र। | मितिः२०८३।०६।१० गते दिनको १२:०० बजेसम्म। | मितिः२०८३।०६।१० गते दिनको २:०० बजे। |

**नोटः**

- प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन (उक्त दिनको १२:०० बजेसम्म मात्र) लाई अन्तिम दिन मानिनेछ।

२०८३/०५/२६

शिव नारायण कुसरे

प्रमुख प्रशासकीय अधिकृत

म्यागङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउराली, नुवाकोट

बागमती प्रदेश, नेपाल

---

**चमेना गृह संचालनका लागि यस कार्यालयको मितिः२०८३।०४।०१ को निर्णयानुसार स्वीकृत शर्तहरुः**

१) चमेना गृह सञ्चालनको लागि गाउँपालिकाबाट १२x१४ को दुईवटा सटर र ७x८ को भान्सा कोठा १ उपलब्ध हुनेछ। चमेना गृह भवन प्रयोग गरे वापत मासिक भाडा रु.५०००।- (अक्षेरुपी पाँचहजार मात्र) लाग्नेछ।

२) कार्यालय र सञ्चालक बीच सम्झौता गर्नु अघि सञ्चालकले यस कार्यालयमा रु.६००००।-(अक्षेरुपी साठीहजार मात्र) धरौटी राख्नु पर्नेछ।

३) नियमानुसारको विजुली महशुल चमेना गृह सञ्चालकले भुक्तानी गर्नुपर्नेछ। सरसफाईजन्य पानी कार्यालयले निशुल्क उपलब्ध गराउने र पिउने तथा खाना खाजा पकाउने स्वस्छ पानीको व्यवस्था सञ्चालक स्वंयले गर्नुपर्नेछ।

४) चमेना गृहका लागि आवश्यक पर्ने टेबल, कुर्सि, फर्निसिङ, भाडावर्तन, ग्याँस लगाएतका सामाग्रीको व्यवस्था सञ्चालक स्वंयले गर्नुपर्नेछ।

५) गाउँपालिका र क्यान्टिन सञ्चालक बिचको सम्झौताको अवधी ३ वर्ष अर्थात आ.व.२०८३/०८४, २०८४/०८५ र २०८५/०८६ को आषाढ मसान्तसम्म कायम रहनेछ।

६) चमेना गृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण गुणस्तर एवं चमेना गृह र वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुने तथा पूर्व निर्धारित स्तरको सेव प्रवाह सन्तोषजनक भएको नपाइएमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएता पनि कार्यालयले आवश्यक निर्देशन दिने वा जुनसुकै समयमा सम्झौता रद्द गर्न सक्नेछ।

७) कार्यालयले आवश्यकताका आधारमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३० दिन भित्र चमेना गृहको भाडा र खाजा खानाको दररेट संयोजन गर्न सक्नेछ।

८) शिलवन्दी दरभाउपत्रका साथ सञ्चालकको नगरिकता प्रमाणपत्र मात्रै व्यक्तिको हकमा तर सम्झौता हुनसाथ गाउँपालिकामा दर्ता प्रकृया तथा भ्याट/प्यानमा अनिवार्य दर्ता हुनुपर्ने, फर्म वा व्यवसायीको हकमा फर्म दर्ता प्रमाणपत्र भ्याट/प्यान दर्ता प्रमाणपत्र साथै आ.व.२०८३/०८४ को कर चुक्ता प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

९) सार्वजनिक विदाको दिनमा समेत कार्यालयको आवश्यकताको आधारमा चमेना गृह सञ्चालन गर्नुपर्नेछ।

शिव नारायण कापर
प्रमुख प्रशासकीय अधिकृत

१०। चमेनागृहबाट स्वंयले बोल कबोल गरे अनुसारको दररेटमा स्वस्छ ताजा र गुणस्तरयुक्त खाना खाजा तथा अन्य परिकारहरु व्यवस्था गर्नुपर्नेछ। साथै चुरोट सुर्ति र मदिराजन्य पदार्थहरु ओसार पसार र विक्री वितरण गर्न पाइनेछैन।

११। चमेना गृह सञ्चालकको छनोट गर्दा घटिघटाउ प्रतिस्पर्धामा सबै भन्दा कम दररेटमा (औसतमा) गुणस्तरीय खाना खाजा उपलब्ध गराउनेलाई विशेष प्राथमिकता दिईनेछ। यस कार्यालय र सञ्चालक वीच सम्झौता भएपछि सञ्चालकले पुनःअर्को व्यक्ति वा फर्मलाई सम्झौता गरी सञ्चालन गर्ने गरी दिन पाईने छैन। सो भएको पाईएमा सम्झौता स्वतःरद्द भएको मानिनेछ।

१२। दरभाउपत्र बुझाउने अन्तिम दिनको अघिल्लो दिन कार्यालय समयसम्म मात्रै यस कार्यालयबाट दरखास्तपत्र रु.५००।-(फिर्ता नहुने) बुझाई खरिद गर्न सकिनेछ। बोल कबोल रकम यसै दर्खास्तपत्रमा नै उल्लख गरी शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ। दरखास्तपत्रमा कार्यालय प्रमुखबाट प्रमाणित गराईएको हुनु पर्नेछ।

१३। दरभाउपत्र बुझाउने अन्तिम दिन दिनको १२:०० बजे भित्र दर्ता गरी बुझाउनु पर्नेछ। सोही दिनको २:००बजे गोप्य शिलबन्दी दरभाउपत्र निवेदक वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ।

१४। शिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम दिन एवं खोल्ने दिन सार्वजनिक विदा परेमा विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा दर्ता गरिने र खोलिनेछ।

१५। दरभाउपत्र कर्ताले चमेना गृहमा व्यवस्था हुने परिकारको दररेट उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। केरमेट भएको दरभाउपत्र मान्य हुनेछैन।

१६। म्याद नाघी आएको,रीत नपुगेको र शर्त राखिएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

१७। एक व्यक्ति वा फर्मको नामबाट खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दर्ता गर्न पाईने छैन।

१८। शिलबन्दी दरभाउपत्र सहितको दरखास्त निवेदन रितपूर्वक खोलिए पछि मूल्यांकन पश्चात स्वीकृत गर्ने रद्द गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१९।यस सूचनामा उल्लेख भएका शर्तहरु यसै बमोजिम हुने र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

२०।यस सम्बन्धमा विस्तृत बेहोरा बुझ्नुपरेमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

२०८१/५/२६

म्यागङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल

२१।चमेना गृहबाट उपलब्ध गराउनु पर्ने मुख्य-मुख्य खाजा/खानाको परिकार र इकाई अनुसारको मूल्यसूची अधिकतम तपसिल बमोजिम हुनेछ।

तपसिलः

| क.सं. | परिकार | इकाई | अधिकतम मूल्य रु. |
|---|---|---|---|
| | खाना | | |
| १. | खाना भेज(भात दाल तरकारी साग अचार) | प्रति सेट | १०० |
| २. | खाना चिकेन(भात दाल तरकारी साग अचार चिकेन) | प्रति सेट | १६० |
| ३. | खाना लोकल चिकेन(भात दाल तरकारी साग अचार लोकल चिकेन) | प्रति सेट | २०० |
| ४. | खाना फिस(भात दाल तरकारी साग अचार फिस) | प्रति सेट | २०० |
| ५. | खाना मटन(भात दाल तरकारी साग अचार मटन) | प्रति सेट | २६० |
| | खाजा/नास्ता | | |
| ६. | सादा रोटी (गहुँ) सब्जी अचार | प्रति सेट ३ पिस रोटी | ५० थप प्रति रोटी रु.१० |
| ७. | म:म: भेज | प्रति प्लेट | ६० |
| ८. | म:म: पनिर | प्रति प्लेट | १३० |
| ९. | म:म: चिकेन | प्रति प्लेट | १०० |
| १०. | म:म: बफ | प्रति प्लेट | ८० |
| ११. | म:म: मटन | प्रति प्लेट | १५० |
| १२. | चाउमिन भेज | प्रति हाफ प्लेट | ३० |
| १३. | चाउमिन अण्डा | प्रति हाफ प्लेट | ५० |
| १४. | चाउमिन मिक्स (मासु/अण्डा) | प्रति हाफ प्लेट | ७० |
| १५. | चाउमिन चिकेन | प्रति हाफ प्लेट | ५५ |
| १६. | चाउमिन बफ | प्रति हाफ प्लेट | ५० |
| १७. | चाउचाउ फ्राई | प्रति प्लेट | ३५ |
| १८. | चाउचाउ अण्ड फाई | प्रति प्लेट | ५० |
| १९. | चाउचाउ सुप | प्रति प्लेट | ३० |
| २०. | स्याण्डविच(चिकेन/चिज) | प्रति प्लेट | ७० |
| २१. | सेलरोटी | प्रति पिस | १५ |
| २२. | जेरी | प्रति पिस | १५ |

| | | | |
|---|---|---|---|
| २३. | पुरी | प्रति पिस | १० |
| २४. | समोसा | प्रति पिस | १५ |
| २५. | आलु चप | प्रति पिस | १० |
| २६. | पकौडा | प्रति पिस | १० |
| २७. | चना | प्रति प्लेट | २० |
| २८. | चना अण्डा | प्रति प्लेट | ४० |
| २९. | परौठा | प्रति पिस | १५ |
| ३०. | नान प्लेन | प्रति पिस | १५ |
| ३१. | नान बटर | प्रति पिस | २० |
| ३२. | तन्दुरी रोटी | प्रति पिस | १५ |
| ३३. | छोयला चिकेन | प्रति प्लेट | ८० |
| ३४. | छोयला बफ | प्रति पिस | ९० |
| ३५. | छोयला हाँस | प्रति प्लेट | १२५ |
| ३६. | मासु चिकेन/माछा/मटन | प्रति प्लेट | ६०/८०/९० |
| ३७. | आलु साँदेको | प्रति प्लेट | २५ |
| ३८. | खसिको भुटन | प्रति प्लेट | १०० |
| ३९. | बफ भुटन | प्रति प्लेट | ८० |
| ४०. | झोल तरकारी | प्रति कचौरा | २० |
| ४१. | अमलेट | प्रति पिस | २५ |
| ४२. | उमालेको अण्डा | प्रति प्लेट | २० |
| ४३. | जाम ब्रेड | २ पिसको | २० |
| ४४. | भेज/मसरुम सुप | प्रति कचौरा | ३५ |
| ४५. | डोनट | प्रति पिस | १५ |
| ४६. | उसिनेको मकै | प्रति घोगा | १५ |
| | चिया/कफि/चिसो/जुस/फलफुल | | |
| ४७. | चिया लेमन | प्रति कप | १५ |
| ४८. | चिया दुध | प्रति कप | २० |
| ४९. | चिया कालो | प्रति कप | १५ |
| ५०. | दुध कफी | प्रति कप | ४० |
| ५१. | कालो कफी | प्रति कप | २५ |
| ५२. | मिक्स फलफुल | प्रति प्लेट | ७० |
| ५३. | लस्सी सादा/लस्सी स्पेसल | प्रति ग्लास | ४०/५० |

म्यागङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ५४. | मिक्स फलफुल जुस | प्रति ग्लास | ६० |
| ५५. | दहि | प्रति ग्लास | २५ |
| ५६. | हट लेमन मह सहित | प्रति ग्लास | ५० |
| ५७. | केक | प्रति पिस | २५ |
| | अन्य | | |
| ५८. | भेज मिक्स खाजा | प्रति प्लेट | ५० |
| ५९. | भेज मिक्स स्पेसल खाजा | प्रति प्लेट | ६० |
| ६०. | स्वीट कर्न | प्रति सेट | ५० |
| ६१. | टुसा उमारेको परिकार | प्रति सेट | ५० |
| ६२. | नमकिन/दालमोट | प्रति प्लेट | २० |
| ६३. | भटमास/बदाम साँदेको | प्रति प्लेट | ५० |
| ६४. | चाउचाउ साँदेको | प्रति प्लेट | ३० |
| ६६. | पनिर/मसरुम पकौडा | प्रति पिस | १५ |
| ६७. | दहि चिउरा | प्रति सेट | ३० |
| ६८. | भेज फ्राई राइस | प्रति प्लेट | ५० |
| ६९. | एग विरियानी | प्रति प्लेट | ८० |
| ७०. | चिकेन विरियानी | प्रति प्लेट | १२० |
| ७१. | मटन विरियानी | प्रति प्लेट | १५० |
| ७२. | चिकेन भुजा/चिउरा | प्रति प्लेट | ७० |
| ७३. | चिकेन फ्राई | प्रति प्लेट | ७० |
| ७४. | चिकेन चिल्ली | प्रति प्लेट | १०० |
| ७५. | चिकेन साँदेको | प्रति प्लेट | १०० |
| ७६. | लोकल चिकेन करी | प्रति कचौरा | १०० |
| ७७. | माछा फ्राई/माछा करी | प्रति प्लेट/कचौरा | १०० |
| ७८. | रोटी र चिकेन करी रोटी ३ पिस | प्रति सेट | १२० |
| ७९. | चिकेन तास | प्रति प्लेट | १२० |
| ८०. | मटन ग्रेवी | प्रति प्लेट | १०० |
| ८१. | चिकेन ग्रेवी | प्रति प्लेट | ८० |
| ८२. | हाँस ग्रेवी | प्रति प्लेट | ८० |
| ८३. | दुध | प्रति ग्लास | २० |
| ८४. | ज्वानो पानी | प्रति ग्लास | १० |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ८५. | आलु चुकौनी | प्रति कचौरा | २५ |
| ८६. | आलु चिउरा/भुजा | प्रति प्लेट | २५ |

म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश

२०८१/०५/१५
शिव नारायण बास्तोला
प्रमुख प्रशासकीय अधिकृत